AjakoAwaj.Com आजकोआवाज.कम
USNepalOnline.Com
USANepalOnline.Com

## स्कुललाई गाउँलेहरुद्वारा जग्गा दान

-शाहीमान राइ, भोजपुरमा

भोजपुर २६ पुस - स्थानीय तीन जना भोजपुरबासीले जिल्ला तिम्मा गाबिस-९ रिमचिम स्थित पशुपति निमाविलाई निशुल्क जग्गा उपलब्ध गराएका छन् । उनीहरुले बिद्यालयको ५० औं स्वर्ण जयन्तीको अवसरमा जग्गा दिएका हुन् ।

सदरमुकाम भोजपुरदेखि ६ कोस पश्चिम तिम्मा गाबिस ९ रिमचिमस्थित निमाविलाई खेल मैदान र थप भवन निर्माणको लागि सोही गाउँका शंकर कार्की, बिदुर कुमार राई र हेमराज राईले निशुल्क जग्गा उपलब्ध गराएका हुन् । बिद्यलायका प्रअ रुद्र विष्टले जनही एक एक रोपनीका दरले तीन रोपनी जग्गा दिएको जनाए । स्थानीय मूल्यमा तीन लाख रुपैंयाँ बराबरको उक्त जग्गामा बिद्यालय भवन र खेल मैदान निर्माण भइरहेको शिक्षक छत्रदेव राईले बताए । उनले शिक्षक, अभिभावकद्वारा संकलित एक लाख ३० हजार र जिल्ला शिक्षा कार्यालयको तीन लाख रुपैंयाँ गरी चार लाख ३० हजार रुपैंयाँ लागतमा भवन निर्माणाधिन रहेको बताए ।

वर्तमान बिद्यालय व्यवस्थापन समिति अध्यक्ष सत्यकुमार राईद्वारा ५०औं स्वर्ण जयन्तीको अवसरमा संस्थापक शिक्षक तथा पहिलो व्यवस्थापन समिति अध्यक्ष चक्रप्रसाद राईलाई दोसल्ला ओढाई अभिनन्दन गरिएको थियो ।

## दस हजारभन्दा धेरै जनताको आँखा उपचार सित्तैमा

भोजपुर । सदरमुकाम भोजपुरदेखि छिमेकी गाउँ□भ्दुम्सिकाकी ६४ बर्षिया बिष्णुमाया भारतीले १५ रुपैंयाँमै आँखाको ज्योति पाइन् । भोजपुर गाबिस ८ की बृद्धा बिष्णुमायाले जापानी बिशेषज्ञहरुद्वारा आयोजित निशुल्क आँखा शिविरमा उपचार पाएकी हुन् ।

उनी जस्तै छिमेकी ७० बर्षिया फूलमाया तामाङले पनि निशुल्क शल्यक्रिया उपचार पाएपछि भनिन् "मैले आफ्नै ठाउँमा आँखाको उपचार पाएकोमा खुशी छु ।" उनले कुकुरको आँखा झिकेर लगाइदिन्छन् भन्ने सुनेको भएपनि आफ्नै आँखालाई नै उपचार गरिदिएकोमा थप खुशी भएको बताइन् ।

जापानको औका संस्थाको आर्थिक तथा प्राबिधिक सहयोगमा नेत्रज्योति संघद्वारा संचालित आँखा शिविरमा निशुल्क आँखा शिविरमा उनले यो सुबिधा पाएकी हुन् । गाउँका बृद्ध बृद्धाहरुले लाखौं रुपैंयाँ खर्च गरेर बिराटनगर, काठमाण्डौ जानुपर्ने भएकोले समस्या भोगिरहेका आँखाका रोगीहरुले १५ रुपैंयाँमै आँखाको शल्यक्रिया गरेका छन् । हरेक बर्ष **औका** जापानकै सहयोगमा हिमालयन स्वास्थ्य शिक्षा समाज, नेत्रज्योति संघ, रेडक्रस र भोजपुर क्याम्पसले निशुल्क आँखा शिविर संचालन गर्दै आएका छन् । स्वयंसेवक परिचालन र मसलन्द खर्चको लागि मात्रै नेत्रज्योति संघले १५ रुपैंयाँ□प्रवेश शुल्क अशुल गरेको हो । औकाको सहयोगमा निशुल्क चस्मा समेत वितरण गरेका छन् । निशुल्क उपचार पाएपछि आँखाको रोगको समस्याले बर्षौंदेखि ग्रस्त तिवारीभञ्ज्याङका ७३ बर्षिय कुलबाहादुर तिवारीले संसार देख्न पाएकोमा खुशीले नाँचे ।

नेत्रज्योति संघ भोजपुरका सचिव निमा शेर्पाका अनुसार ६१ जना बृद्ध बृद्धाको आँखा निशुल्क शल्यक्रिया उपचार पाएका छन् । आठ सय जनाभन्दा बिरामीले आँखा परीक्षण गरेको उनले बताए । भोजपुर अस्पतालमा नियमित आँखा उपचार केन्द्र संचालनमा आउने भएकोले चिकित्सक बर्षमा दुई पटक बोलाएर शल्यक्रिया सुबिधा

उपलब्ध गराउने उनले बताए । जिल्लामा ब्रिटिस वेल्फेयर सेन्टर लगायत बिभिन्न संघ सस्थाले आँखा शिविर संचालन गरेर दश हजार जना भन्दा बढी आँखाका रोगीहरुको उपचार गरिसकेको ती संस्थाले जनाएका छन् ।

जापानी आँखा बिशेषज्ञ डा.जुनसुके आकुराको नेतृत्वमा सात जना बिशेषज्ञ सहित १४ जना जापानी र नेपाल आँखा अस्पताल काठमाण्डौका डा.कमल खडकाको टोली सहित १९ जना आँखाका प्राबिधिकहरु आँखा शिविरमा संलग्न छन् । डा.आकुरा पाँच बर्षदेखि भोजपुरमा नियमित रुपमा बिरामीको आँखा परीक्षण गर्दै आएका छन् ।